# गौर नगरपालिका

## Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

O/C

पत्र संख्या/Ref.No.:-२०७६/०७७
चलानी नं./Dispatch No.:- 2065

मिति/Date: २०७६।१२।०२

### सूचना! सूचना!! सूचना!!!

विषय:- न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे सूचना।

श्री सबै वडा कार्यालयहरु,
गौर नगरपालिका, रौतहट।

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धि ऐन,२०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम अगामी आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनाभित्र आफूले स्थायी बसोवास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा रोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै निवेदन सहित तपसिल बमोजिमको कागजात समेत पेश गर्नु हुन अनुरोध छ।

१.नागरीकता प्रमाणपत्रको प्रतिलिपि
२.बसाईसराईको प्रतिलिपि
३.नीजको शैक्षीक र कार्याअनुभव भए सो को प्रतिलिपि
४.पासपोर्ट साइजको २ वटा फोटो

विस्तृत जानकारीको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np, गौर नगरपालिकाको वेबसाईट gaurmun.gov.np वा गौर नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नु हुन अनुरोध छ।

२०७६।१२।२

(सुमन कुमार कार्की)
प्रमुख प्रशासकीय अधिकृत
उप-सचिव

**सुमन कुमार कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**